**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**
**मुख्य समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी सिलगडी आइपुग्नुभएको छ। उहाँ मतिगडा-नक्सलबारी विधानसभा क्षेत्रमा एउटा विशाल रोड शोमा सहभागी हुनु भयो|

- पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको लागि नामांकन पत्रहरूको छानबिनमा पूरा भएको छ। कुल १,५२५ नामांकनहरू दर्ता भएका थिए, जसमध्ये १,४६३ वैध घोषित भएका छन्।

- दार्जिलिङ अनि कालेबुङ लगायत राज्यका विभिन्न जिल्लाहरुमा चुनावको लागि प्रचार अभियान तीव्र बनेको छ|

- केन्द्रीय मन्त्रिमण्डलले भारत र नेपाल बीचको व्यापारिक सम्बन्धलाई बलियो पर्ने उद्देश्यले उत्तर प्रदेशको बाराबंकी-बहराइच राष्ट्रिय राजमार्ग-९२७ को चार लेनको खण्डको निर्माणलाई अनुमोदन गरेको छ।

- मौसम विभागले राज्यका विभिन्न जिल्लाहरुमा तापक्रम द्रुत गतिमा बढ्ने पूर्वानुमान गरेको छ| यद्यपि दार्जिलिङ पहाडमा वर्षाको सम्भावना रहेको छ।

**प्रधानमन्त्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी सिलगडी आइपुग्नुभएको छ। उहाँ मतिगडा-नक्सलबारी विधानसभा क्षेत्रमा एउटा विशाल रोड शोमा सहभागी हुनु भयो| उहाँको आगमनसँगै शहरभरी उत्साहजनक वातावरण देखियो। हजारौंको सङ्ख्यामा स्थानीय बासिन्दाहरुले सडक किनारमा उभिएर उहाँलाई भव्य स्वागत गरे। प्रधानमन्त्री मोदीले जनताको अभिवादन स्वीकार गर्दै हात हल्लाएर प्रतिक्रिया जनाउनु भयो। दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका बासिन्दाहरूमा प्रधानमन्त्रीप्रति विशेष आकर्षण देखिएको छ। रोड शोका क्रममा मानिसहरूले नारा लगाउँदै, झण्डा फहराउँदै उत्साह प्रकट गरेका छन्। भोलि 12 अप्रेलको दिन प्रधानमन्त्री नरेन्द्र मोदीले सिलगढ़ीको कावाखाली मैदानमा एक विशाल जनसभालाई सम्बोधन गर्नु हुनेछ। यस र्‍यालीलाई लिएर व्यापक तयारी भइरहेको छ। आज दिउसो आज पश्चिम बंगालको कटवामा आयोजित एक र्‍यालीमा बोल्नु हुँदै प्रधानमन्त्रिले शरणार्थीहरूले पूर्ण संवैधानिक अधिकार पाउनेछन् भने घुसपैठ गर्नेहरूलाई निष्कासन गरिने बताउनु भएको छ| उहाँले भन्नु भयो राज्यमा भाजपाको सरकार बनेपछि, सबै योग्य आवेदकहरूलाई नागरिकता संशोधन अधिनियम अन्तर्गत नागरिकता प्रदान गर्ने प्रक्रियालाई तीव्रता दिइनेछ।

श्री मोदीले पश्चिम बंगालमा आफ्नो १५ वर्षीय कार्यकालमा तृणमूल कांग्रेसले राज्यका जनतालाई डर बाहेक केही नदिएको आरोप लगाउनु भयो। बङ्गालमा भाजपा सरकार बने पछि राजनीतिक हिंसामा संलग्नहरू विरुद्ध भाजपाले कडा कारबाही गर्ने दाबी गर्नु भयो। श्री मोदीले अब घुसपैठियाहरूलाई देश निकाला गर्ने समय आएको घोषणा गर्नु भयो। उहाँले राज्यमा अवैध

रूपमा बसोबास गर्ने व्यक्तिहरूलाई सहयोग गर्ने मानिसहरुलाई पनि नछोड्ने बताउनु भयो। श्री मोदीले भाजपाको ऱ्यालीहरूमा बढ्दो भीडले ४ मईमा हुने चुनावी नतिजा कस्तो देखिनेछ भन्ने संकेत गरेको बताउनु भयो।

उहाँले भन्नु भयो पश्चिम बंगालका जनता परिवर्तनको लागि तयार छन्। उहाँले भन्नु भयो जहाँ जहाँ महिलाहरू ठूलो संख्यामा मतदान गर्न निस्केका छन्, त्यहाँ भाजपाले चुनावी सफलता प्राप्त गरेको छ। श्री मोदीले तृणमूल कांग्रेस सरकार भित्र व्यापक भ्रष्टाचार रहेको आरोप लगाउनु हुँदै भाजपाले यस विषयमा श्वेतपत्र जारी गर्ने घोषणा गर्नु भयो।

**पश्चिम बंगाल – नामांकन**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको लागि नामांकन पत्रहरूको छानबिन पूरा भएको छ। कुल १,५२५ नामांकनहरू दर्ता भएका थिए, जसमध्ये १,४६३ वैध घोषित भएका छन्। दोस्रो चरणमा १४२ निर्वाचन क्षेत्रहरू समावेश छन्। १३ अप्रेल सम्म नामांकनहरू फिर्ता लिन सकिन्छ। दोस्रो चरणको लागि चुनाव २९ अप्रेलमा हुने निर्धारित गरिएको छ। राज्यमा, पहिलो चरणको लागि मतदान २३ अप्रेलमा १६ जिल्लाहरूमा हुनेछ।

**पश्चिम बंगाल- चुनाव जनसभाहरु**

पश्चिम बङ्गालमा राज्य विधानसभा चुनावको लागि प्रचार अभियान तीव्र बनेको छ| सबै प्रमुख दलका शीर्ष नेताहरूले जिल्लाभरी ऱ्यालीहरूलाई सम्बोधन गरिरहेका छन्। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज कटवा, जङ्गीपुर र कुश्माण्डीमा तीनवटा ऱ्याली गर्नु भएको छ । उहाँले तृणमूल कांग्रेसलाई भ्रष्टाचार र कुशासनको आरोप लगाउनु भयो र भाजपा सत्तामा आएमा पारदर्शी प्रशासनको वाचा गर्नु भयो। श्री मोदीले समान नागरिक संहिता मार्फत समान अधिकारको वाचा पनि गर्नु भयो। अर्को वरिष्ठ भाजपा नेता अमित शाहले बांकुरामा जनसभाहरूलाई सम्बोधन गर्नु भयो। उहाँले विष्णुपुरमा आलुको बीउ उत्पादन केन्द्र, बालुचारी साडी र पंचमुरा टेराकोटा घोडाहरूको लागि जीआइ ट्यागको वाचा पनि गर्नु भयो| श्री शाहले केन्द्रीय कोषहरू लुट्ने तृणमूल कांग्रेस सरकारको आलोचना गर्नु भयो। श्री शाहले जनजाति समुदायको वास्तविक विकास गर्ने प्रतिवद्धता पनि व्यक्त गर्नु भयो। अर्कोतर्फ, मुख्यमन्त्री ममता बनर्जीले पश्चिम मिदनापुर र झारग्राममा चुनावी जनसभालाई सम्बोधन गर्नु भयो। उहाँले भाजपालाई एनआरसी मार्फत बंगाललाई विभाजन गर्ने षड्यन्त्र गरेको आरोप लगाउनु भयो। तृणमूल कांग्रेस महासचिव अभिषेक बनर्जी वीरभूममा रैली र पूर्वी बर्दवानमा रोड शोमा सामेल हुनु भयो। यसै क्रममा अभिषेक बनर्जीले ४ मईमा ममता ब्यानर्जीको नेतृत्वमा सरकार बनेमा निर्वाचन आयोगले मतदाता सूचीबाट हटाएका नामहरु एक महिनाभित्र मतदान सूचीमा फेरी समावेश गरिने आश्वाशन दिनु भयो ।

**संकल्प पत्र**

कोलकातामा हिजो भारतका गृहमन्त्री अमित शाहले पश्चिम बंगालको लागि भारतीय जनता पार्टी को चुनावी सङ्कल्प पत्र सार्वजनिक गर्नु भएको छ | यस सङ्कल्प पत्रमा दार्जीलिङ्ग पहाड क्षेत्रका लागि राज्यभित्रै संवैधानिक ढाँचाअनुसार सम्भावना खोज्ने प्रतिबद्धता उल्लेख गरिएको छ।

यस विषयमा प्रतिक्रिया जनाउँदै कालेबुङ जिल्ला समिति, भागोप्रमोका प्रवक्ता विशाल राईले भाजपाप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। उनले भने, "भाजपाको भरोसा पत्र दार्जीलिङ्ग पहाड र गोर्खा समुदायका लागि भरोसा तोड पत्र हो।" राईले भाजपाले विगतमा गरेका प्रतिबद्धता पूरा नगरेको भन्दै नयाँ घोषणाप्रति विश्वसनीयता नरहेको पनि बताए।

**एडवर्ड-बन्दना**

खरसाङ विधानसभा आसनको इण्डियन गोर्खा जन शक्ति फ्रण्टका उम्मेद्वार बन्दना राईले आफ्नो चूनावी प्रचार प्रसारको कार्यलाई तीव्र रूप दिदै आएका छन्। यसैक्रममा मिरिक नगरपालिका,चिया बगान आदि क्षेत्रहरूमा आई जी जे एफ उम्मेद्वार बन्दना राईले आफ्नो चूनावी अभियान चलाए। यस अवधि मिरिकका विभिन्न क्षेत्रहरूमा पिउने पानीको अभाव,सडक तथा बाटोहरूको जीर्ण अवस्था, मिरिक झीलको अवस्था लगायत अन्य समस्याहरु अवलोकन गरेपछि आफू विजय भएपछि यी समस्याहरुको समाधान गर्ने वचन दिएका छन् |

**अमर लामा**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले आफ्नो जीतप्रति आशावादी रहेको बताउनु भएको छ | उहाँले आफ्नो जीत पक्का पक्की रहेको दाबी गर्दै खरसाङ विधानसभा समष्टिको 16 वटै समष्टिहरुमा चुनावी प्रचार प्रसार र चुनावी सभाहरूमा सबैबाट राम्रो रेस्पोन्स पाएको बताउनु भएको छ |

***श्री लामाले खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्दै भने, चुनावपछि मलाई खरसाङका जनताले सजिलै भेट्न सक्ने भनि बताउनु भयो |उहाँले आफू विधायक बने पछि विशेष गरेर चियाबारी श्रमिकहरुको निम्नत्तम रोजगारको लागि काम गर्नेछु यसका साथै सिन्कोना बगानको श्रमिकहरुको हाजिरा वृद्धि, सिन्कोना बगानको जमीनको मालिकनामा हक दिलाउन काम गर्नेछु भनी ठोकुवा गर्नुभयो | खरसाङमा पार्किङको समस्या समाधान गर्न ,खरसाङ महकुमा अस्पतालको अपग्रेड गर्ने काम , युवाहरुका लागि स्पोर्ट्स अकादमी खोल्ने योजना रहेको उहाँले बताउनु भयो। स्किल डेभलपमेन्ट इन्स्टिट्युट खोल्ने, रोहिणी र पेशोकमा प्राथमिक स्वास्थ्य केन्द्र निर्माण गर्ने, सुखिया पोखरी खण्ड ठूलो भएकोले सोनादा क्षेत्रको लागि अलग्गै खण्ड बनाएर सोनादामा खण्ड कार्यालय बनाउने, सोनादामा अग्निशमन केन्द्र बनिरहेको, मङ्पु र तीनधारे क्षेत्रमा अग्निशमन केन्द्र निर्माण गरिने पनि उहाँले बताउनु भयो | भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार श्री लामाले चियाबारी श्रमिकहरुका निम्नत्तम रोजगारको लागि आवाज उठाउने, श्रमिकहरुको स्वास्थ्य बीमा विषयमा चुनावपछि कुरा उठाउने कुरा उहाँले बताउनु भएको छ |***

**बिजेपी मा  सामेल**

खरसाङका शिलु मोक्तानले तृणमूल कांग्रेस त्याग गर्दै भारतीय जनता पार्टीमा सामेल भएका छन् । उनी यसअघि टी एम सी-को महिला मोर्चा अध्यक्षको पदमा थिए।बैंगलोरबाट फर्किएपछि उनले प्रधानमन्त्री नरेन्द्र मोदीको "सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयास" भन्ने दृष्टिकोणबाट प्रेरित भई पार्टी परिवर्तन गर्ने निर्णय लिनुभएको बताए। मोक्तानले खरसाङ क्षेत्रबाट सोनम लामाको विजय सुनिश्चित गर्न सक्रिय समर्थन जनाउने उद्देश्यले पनि आफू भाजपामा सामेल भएको बताए।

**भारत नेपाल - राजमार्ग परियोजना**

उत्तर प्रदेशको बाराबंकी-बहराइच राजमार्गले भारत र नेपालबीचको व्यापारिक सम्बन्धलाई सुदृढ पार्न परिवर्तनकारी भूमिका खेल्ने तय भएको छ। केन्द्रीय मन्त्रिमण्डलले हालै राष्ट्रिय राजमार्ग-९२७ को चार लेन, एक्सेस-कंट्रोल्ड बाराबंकी-बहराइच खण्डको निर्माणलाई अनुमोदन गरेको छ। सड़क परिवहन तथा राजमार्ग मंत्रालयले भनेको छ कि यो परियोजनाले रणनीतिक रूपमा महत्त्वपूर्ण रूपैडिहा भूमि बन्दरगाह र नेपालको नजिकैको नेपालगञ्जसँगको सम्पर्कमा उल्लेखनीय सुधार गर्नेछ। बढाइएको सम्पर्कले सीमापार वाणिज्यलाई बढावा दिने, क्षेत्रीय जीविकोपार्जनलाई सहयोग गर्ने र दुई छिमेकी देशहरू बीचको आर्थिक सहयोगलाई गहिरो बनाउने अपेक्षा गरिएको छ। मन्त्रालयले भनेको छ कि यो परियोजनाले बाराबंकी र बहराइच बीचको यात्रा समयलाई लगभग ५० प्रतिशतले घटाउनेछ| मन्त्रालयले राम्रो राजमार्ग सम्पर्कले व्यापारीहरूको लागि थप व्यावसायिक अवसरहरू सिर्जना गर्नेछ, यातायात र रसद क्षेत्रमा रोजगार बढ्नेछ, र यस क्षेत्रमा स्वास्थ्य सेवा, शिक्षा र बजारहरूमा पहुँच सुधार गर्नेछ।

**ममता ब्यनर्जी आरोप**

ममता ब्यनर्जीले पश्चिम मिदनापुरको केशियाड़ीमा आयोजित एक चुनावी सभामा उहाँको नामांकन पत्रलाई रद्द गराउने षड़यन्त्र रचिएको गम्भीर आरोप लगाउनु भएको छ| मुख्यमन्त्रीले उहाँ विरूद्ध 'जाली हलफनामा' दर्ता गरी नामांकन खारेज गराउने चेष्टा गरियो, तर यो प्रयास सफल नभएको दाबी गर्नु भएको छ। मुख्यमन्त्रीले भन्नु भयो यो उहाँलाई चुनाउ नलड़्न दिने प्रयास थियो। ममता ब्यनर्जीले यसपालि भवानीपुर सीटबाट चुनाउ लड़िरहेकी छन्। जनसभामा उहाँले मतदाता सूचीको विशेष संशोधन प्रक्रियालाई पनि ठूलो घोटाला बताउनु भयो। उहाँले भारतीय जनता पार्टी र भारत निर्वाचन आयोगलाई लक्षित गर्दै भन्नु भयो

यसको उद्देश्य राजनीतिक लाभ पुऱ्याउनु हो यो प्रक्रिया निष्पक्ष छैन। भाजपाको 'संकल्प पत्र'- मा समान नागरिक संहिता लागू गर्ने वाचालाई लिएर पनि ममता ब्यनर्जीले तीव्र प्रतिक्रिया व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो यसबाट मानिसहरूको धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता प्रभावित हुनेछ साथै विविधतामाथि प्रभाव पर्नेछ।

**वन विभाग चुनाव**

पश्चिम बंगालको मतिगढा-नक्सलबारी विधानसभा क्षेत्रमा धेरै मतदान केन्द्रहरू घना जंगलले घेरिएका क्षेत्रहरूमा अवस्थित भएकोले वन विभागले मतदानको अघिल्लो रातदेखि नै वन कर्मीहरूले यी सबै मतदान केन्द्रहरूमा चौबीसै घण्टा निगरानी सुरु गर्ने निर्णय लिएको छ। खर्सांग र महानन्द वन्यजन्तु अभयारण्यको वन क्षेत्रले घेरिएका यी क्षेत्रहरूमा हात्तीको बथान, चितुवा, जङ्गली बँदेल र विषालु सर्पहरूको उपस्थिति सामान्य घटना हो। तैपनि मतदाताहरू मतदान गर्न यी खतरनाक बाटोहरू पार गर्न बाध्य छन्। वन विभागले कुनै पनि आपतकालीन अवस्थामा तुरुन्तै कारबाही गर्न तयार, द्रुत प्रतिक्रिया टोलीहरू २४ घण्टा तयारी अवस्थामा राखिने व्यवस्था गरेको छ। वन विभागले संयुक्त वन व्यवस्थापन समितिहरूलाई पनि सतर्क राखेको छ, जसले गर्दा गाउँ अथवा मतदान केन्द्र नजिकै जंगली जनावरको गतिविधि देखिएमा तुरुन्तै रिपोर्ट गरिने छ। केही संवेदनशील मतदान केन्द्रहरूमा, वन कर्मीहरूसँगै केन्द्रीय सुरक्षा बलहरू तैनाथ गरिनेछ। वन विभागका अधिकारी राहुलदेव मुखोपाध्यायले जंगलमा जंगली जनावरहरूको उपस्थिति प्राकृतिक हो र तिनीहरूलाई हटाउन नसकिने बताउनु भयो। यद्यपी मतदानको दिन घना जंगल भित्री भागमा तिनीहरूलाई सीमित राखिने प्रयासहरू गरिनेछ।

**मौसम**

मौसम विभागले राज्यका विभिन्न जिल्लाहरुमा आँधीबेहरी र वर्षाको प्रभाव कम हुने जानकारी दिएको छ। फलस्वरूप, राज्यभरि तापक्रम द्रुत गतिमा बढ्न थालेको छ। उत्तर बंगालका जिल्लाहरुमा पनि तापक्रम ३ देखि ५ डिग्री सेल्सियसले बढ्न सक्ने पूर्वानुमान गरिएको छ।

**********